हलियाहरूको अधिकार र सामाजिक न्यायकालागि

# मुक्ति सन्देश

वर्ष १, अङ्क १, २०७० असार ( June 2013)

## सम्पादकीय

### मुक्त हलियाको पुनर्स्थापना तत्काल शुरु गर

सामन्तवादको ज्वलन्त उदाहरणको रुपमा रहेको दासप्रथाको उन्मूलन चन्द्र शम्शेरले वि.सं. १९८५ मा गरेका थिए । तर सामाजिक संरचनामा परिवर्तन नआएको र राजनीतिक रुपमा शोषण कायम रहेका कारण अहिलेसम्म सामन्तवादको अवशेषको रुपमा नेपालको सुदुरपश्चिम र मध्यपश्चिममा हलियाप्रथा र पूर्वी तराईमा हरुवा र चरुवा प्रथा कायम भएको देखिन्छ ।

दासप्रथाकै रुपमा रहेको यस प्रथाले शोषणको चरम अवस्था कायम गरेको उदाहरणतः बाजुराका रङ्गी लोहारको परिवारले १२ रुपैयाँको ब्याज मार्फत ६१ वर्ष हलो जोतेको घटना बिर्सी नसक्नु छ । यो सुन्दा र देख्दा हामीलाई आश्चर्य लाग्न सक्दछ र पत्याउनै गाह्रो हुन्छ तर तीतो सत्य त्यही हो । यो प्रथा अझै कायम छ ।

लोकतान्त्रिक गणतन्त्रको प्रादुर्भावसँगै सयौं वर्षदेखि शोषण र दमनमा पिल्सिरहेका र न्यायको खोजीमा छटपटाइरहेका हलियाहरु बिस्तारै संगठित हुँदै गए । २०६४ सालमा राष्ट्रिय मुक्त हलिया समाज महासंघको स्थापना गरे । २०६५ सालमा साहूको हलो-थलो छोडी झोलामा चिउरा र सातु बोकेर काठमाडौं केन्द्रीत शसक्त आन्दोलन गरे ।

आन्दोलनको मुख्य मागहरुमा तत्काल हलियाहरुको ऋण खारेजी, हलिया मुक्तिको घोषणा, प्रति परिवार एक लाख क्षतिपूर्ति, हलियाहरुको तथ्याङ्क लिने, अधिकार सम्पन्न पुनर्स्थापना आयोग गठन गर्ने, हलिया श्रम निषेध कानून बनाउने, प्रति परिवार पहाडमा १० रोपनी र तराईमा १० कठ्ठा जग्गा दिनुपर्ने ।

आन्दोलनको सम्मान गर्दै तत्कालीन सरकारले आन्दोलनकारीहरुसँग वार्ता गर्‍यो र वार्तामा हलियाहरुले राखेका सम्पूर्ण मागहरुप्रति  सरकार सकारात्मक रही एक अध्ययन कार्यदल बनाउने र कार्यदलको सिफारिस अनुसार सम्बोधन गर्ने सहमति भयो । सोही सहमति अनुसार तत्कालीन सभासद् हरिराम श्रीपाइलीको नेतृत्वमा नौ सदस्यीय कार्यदल बन्यो र आन्दोलनकारी हलियाहरुले राखेका सम्पूर्ण मागहरुलाई तत्काल सम्बोधन गर्ने गरी दश बूँदे सिफारिस पनि गर्‍यो ।

सो सिफारिस अनुसार नेपाल सरकार, शान्ति तथा पुनःनिर्माण मन्त्रालयले मुक्त हलियाको तथ्याङ्क संकलन गर्‍यो । उक्त तथ्याङ्कको प्रमाणीकरण गरी पुनर्स्थापनाको काम गर्ने अख्तियारी पाएको नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयले आजसम्म पनि प्रमाणीकरणको काम सकेको छैन । हलियाहरुका उन्नाइस हजार उनान्साठी परिवार मध्ये हालसम्म करिब आठ हजारको मात्र प्रमाणीकरण भएको छ । ती मध्ये पनि परिचय-पत्र पाँच हजारले मात्र पाएका छन् । एकातर्फ हलियाहरुको तथ्याङ्क ठूलो संख्यामा छुटेको छ भने अर्कोतर्फ मुक्त भएको पाँच वर्षसम्म पनि केही राहत नपाउँदा हलियाहरु मर्कामा परेर कष्टकर जीवन बिताई रहेका छन् । हलिया मुक्ति आन्दोलन यसैकारण असफल भई फेरि हलियाहरु ठूलो संख्यामा पुनः हलियाको रुपमा फर्किन बाध्य भएका छन् भने धेरै भारततिर पलायन भएका छन् ।

यदि यही तरिकाले सरकारले मुक्त हलियाहरुको वेवास्ता गर्ने र उनीहरुको विचल्ली बनाउने हो भने फेरी आन्दोलन उठ्न सक्छ र त्यतिबेला धेरै मूल्य चुकाउनु पर्नेछ भन्ने सम्बन्धमा सरकार र सरोकारवालाहरुले बुझ्नु जरुरी छ । यस सन्दर्भमा हामी नेपाल सरकारलाई तथ्याङ्कका आधारमा हलिया परिवारको प्रमाणीकरण र परिचय-पत्र वितरण कार्य छिटो भन्दा छिटो सम्पन्न गर्न र पुनर्स्थापनाको काम तत्काल थालनी गर्न जोडदार माग गर्दछौं ।

European Union

care

*यो मुक्ति सन्देश युरोपेली संघ र केएरको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यसमा समावेश सामग्रीहरुको सर्वाधिकार राष्ट्रिय मुक्त हलिया समाज महासंघमा रहने छ । प्रस्तुत प्रकाशनले युरोपेली संघ र केएरको दृष्टिकोण प्रतिविम्ब गर्दैन ।

**सल्लाहकार**

डा. कृष्ण भट्टचन

सन्तोष शर्मा

मोहनलाल सार्की

ईश्वर सुनार

देविका तिमिल्सिना

**सम्पादक मण्डल**

रामप्रकाश दनुवार

अनन्त यात्री बि.क.

बालाराम भट्टराई

**सूचना संकलन**

शंकरदीप मडै

सूर्यप्रकाश बस्नेत

दिपक बोहरा

**व्यवस्थापक**

शान्ति पुन

प्रेम वि.क.

**प्रकाशक**

राष्ट्रिय मुक्त हलिया समाज महासंघ

केन्द्रीय कार्यालय, डडेल्धुरा

सम्पर्क कार्यालय, काठमाडौं

फोन: ०१ ५५४९३४३

इमेल: freedhaliya@gmail.com

## हार्दिक बधाई

राष्ट्रिय मुक्त हलिया समाज महासंघको यहि २०७० जेष्ठ २८ र २९ गते, महेन्द्रनगरमा सम्पन्न तेश्रो अधिवेशनबाट निर्वाचित हुनुभएका अध्यक्ष श्री मोहनलाल सार्की, उपाध्यक्ष श्री ममता नेपाली, महासचिव श्री ईश्वर सुनार, सचिव श्री भुवन ताम्राकार, कोषाध्यक्ष श्री जानकी लुहार, सदस्यहरुः श्री कालुराम महर, श्री पर्वत सुनार, श्री बलबहादुर परियार, श्री मानबहादुर बि.क., श्री तीलकी कोली र श्री डम्बरा लुहारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

मुक्ति परियोजना परिवार

**परिचयः**

राष्ट्रिय मुक्त हलिया समाज महासंघले युरोपेली संघ र केएर डेनमार्कको आर्थिक सहयोगमा सञ्चालन भइरहेको मुक्ति परियोजनाको मुख्य उद्देश्य महासंघको संस्थागत विकास गरी मुक्त हलियाहरुको सम्मानजनक पुनर्स्थापनामा योगदान गर्नु हो । यस परियोजनाले केही चूनौतिका अलावा उल्लेख्य प्रगति समेत गरेको छ । यहाँ परियोजनाले गरेका मुख्य मुख्य कार्यक्रमहरु र उपलब्धीहरुलाई सारांशमा पस्केका छौं ।

### १. संस्थागत क्षमता मूल्याङ्कन कार्यक्रम

परियोजनाको शुरुवात संस्थाको संस्थागत क्षमता लेखाजोखा १२-१७ अगष्ट २०१२ मा डडेलधुरामा गरिएको थियो । सहभागितात्मक विधिबाट गरिएको सो लेखाजोखामा १० महिला र १५ जना पुरुषको सहभागिता रहेको थियो । संस्थाको संरचनागत क्षमता, प्राविधिक क्षमता, पैरवी क्षमता, व्यवस्थापकीय क्षमताका साथै सहकार्य र सञ्जाल विस्तारको अवस्थाको समेत लेखाजोखा गरिएको थियो । यसको उद्देश्य हलिया महासंघमा विद्यमान सबल पक्ष र कमीकमजोरीहरु पहिचान गरी जनशक्ति र संगठनको क्षमता अभिवृद्धि गर्ने रहेको थियो ।

### २. मानवअधिकार र अल्पसंख्यकहरुको अधिकार विषयक अभिमुखीकरण कार्यक्रम

हलिया सहजकर्ता तथा मानवअधिकार रक्षकहरुलाई तीन दिवसीय मानवअधिकार तथा अल्पसंख्यक समुदायको अधिकार सम्बन्धी अभिमुखीकरण तालिम ६-८ अक्टोबर २०१२ मा डडेल्धुरामा सम्पन्न गरियो । उक्त कार्यक्रममा १६ जना पुरुष र ९ जना




महिला गरी जम्मा २५ जनाको सहभागिता रहेको थियो । यो कार्यक्रमले हलिया मानवअधिकार रक्षकहरुलाई मानव अधिकारको आधारभूत मान्यताहरु, नेपालमा मानवअधिकार उपभोगको अवस्थाका साथै अल्पसंख्यक समुहहरुको मानव अधिकार उपभोगका मान्यताहरुको बारेमा ज्ञान हासिल गर्नुका साथै आर्थिक, राजनीतिक र साँस्कृतिक अधिकार संरक्षणको लागि पैरवी गर्ने सीप विकास भएको छ ।

### ३. लैंगिक हिंसा र सामाजिक समावेशीकरण तालिम

मुक्ति परियोजना अन्तरगत हलिया महिलाहरुलाई लैंगिक हिंसा र त्यसको विरुद्ध अभियान चलाउने उद्देश्यले तीन दिने लैंगिक हिंसा र सामाजिक समावेशीकरण तालिम १९-२० डिसेम्बर २०१२ मा कैलालीमा सम्पन्न भयो । उक्त तालिममा १० महिला र ८ पुरुष गरी १८ जनाको उपस्थिति रहेको थियो ।

### ४. पैरवी योजना निर्माण र अभियान सञ्चालन

राष्ट्रिय मुक्त हलिया समाज महासंघका भावी पैरवीको दिशा, क्षेत्रहरुको परिचान र प्राथमिकीकरण गर्न पैरवी योजन जुलाई २०१२ मा तयार गरिएको छ । साथै महासंघले नेपाल सरकारलाई पुनर्स्थापनाको मुद्दामा दवाव सीर्जना गर्न बाजुरा, बझाङ्ग, डडेलधुरा, डोटी, अछाम, बैतडी, दार्चुला, कञ्चनपुर लगायतका जिल्लामा गरी आठओटा पैरवी अभियान सम्पन्न गरेको थियो । सो अभियानमा २००० भन्दा बढी मुक्त हलियाहरुको सहभागिता रहेको थियो ।

### ५. नेतृत्व विकास तालिम

त्यसै गरी मुक्त हलियाहरुको नेतृत्व क्षमताको विकास गर्न तीन दिने नेतृत्व विकास तालिम डडेलधुरामा ८-१० जुन २०१२ मा सम्पन्न गरियो । उक्त तालिममा १० महिला र १५ पुरुष गरी २५ जनाको उपस्थिति रहेको थियो ।

### ६. सरकारी निकाय र कार्यदलको स्थलगत भ्रमण

मुक्त हलियाहरुको तथ्याङ्ग प्रमाणीकरण प्रभावकारी कार्यान्वयनका लागि सजिलो होस भन्ने उद्देश्यले मुक्ति परियोजनाको व्यवस्थापनमा




नेपाल सरकार भूमिसुधार तथा व्यवस्था मन्त्रालयका मन्त्री तथा सचिबसमेतको सहभागिता रहेको थियो र मुक्त हलिया पुनर्स्थापना तथा अनुगमन कार्यदलका महासंघका संयोजक समेत सहभागी हुनुहुन्थ्यो ।

यही भ्रमणको सिकाइका आधारमा प्रमाणीकरण सम्बन्धी कार्यविधि र निर्देशिकालाई आवश्यक संशोधन गरी हलिया महिला वा छोराछोरीको नाममा पनि परिचय-पत्र दिनसक्ने व्यवस्था गरिएको छ ।

### ७. अनुगमन संयन्त्र निर्माण

हलिया समुदायको मानवअधिकारको संरक्षणको सवाल आमरुपमा मानवअधिकारको सवाल बन्नु पर्दछ भन्ने मान्यता राख्दै मुक्त हलियाहरुको मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्ने कार्यमा तदारुकताका साथ सहकार्य गर्न केन्द्र र जिल्लामा क्रियाशील रहने गरी हलिया मानवअधिकार अनुगमन संयन्त्र २५ फेब्रुअरी २०१३ मा निर्माण गरिएको छ । केन्द्रमा नेपाल पत्रकार महासंघ, नेपाल बार एसोसिएसन, इन्सेक, लेखकहरु आवद्ध रहेका छन्



भने जिल्लामा नेपाल पत्रकार महासंघ जिल्ला शाखाको संयोजकत्वमा, जिल्ला वार एशोसिएशन, मानव अधिकारकर्मी, महिला अधिकारकर्मीहरु रहेको अनुगमन संयन्त्र निर्माण गरिएको छ । हाल बझाङ्ग, बाजुरा, अछाम, डोटी, बैतडी, डडेलधुरा र दार्चुलामा अनुगमन समितिहरु क्रियाशील रहेका छन् ।

### ८. रणनीतिक योजना निर्माण

महासंघको तीन वर्षे रणनीतिक योजना तयार गर्न राष्ट्रिय मुक्त हलिया समाज महासंघले धनगढीमा २०-२१ मे २०१२ मा कार्याशाला गोष्ठीको आयोजना गरेको थियो । उक्त कार्याशालाले मुक्त हलियाहरुको सम्मानजनक पुनर्स्थापना, शिक्षा, स्वास्थ्य, आवास र सामाजिक समावेशीकरण जस्ता विषयलाई केन्द्रमा राख्दै तीन वर्षे रणनीतिक योजना विभिन्न तहमा छलफल गरी तयार गरेको छ ।

### ९. सामाजिक लेखा परिक्षण कार्यक्रम

महासंघलाई पारदर्शी र जवाफदेही बनाउनको लागि वर्षभरी गरेका गतिविधिहरुको सार्वजनिक गर्न र उपलब्धीको प्रचार-प्रसार गर्न तथा खर्चको अनुमोदन गराउन डडेलधुरामा ३०-३१, सेप्टेम्वर २०१२ मा सामाजिक लेखा परिक्षण कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यकममा १७ महिला र ३५ पुरुष गरी जम्मा ५२ जनाको सहभागिता रहेको थियो ।

## मुक्ति कार्यक्रमका उपलब्धीहरु...

### १. संस्थागत विकासः

यस परियोजनाको प्रमुख उद्देश्य महासंघको संस्थागत क्षमताको विकास गरी मुक्त हलियाहरुको सम्मान जनक पुनर्स्थापनामा योगदान गर्ने रहेको छ । सोही बमोजिम परियोजनाको सहयोगमा महासंघको संस्थागत क्षमताको लेखाजोखा गरेर आफ्नो विधानलाई ३१ सेप्टेम्बर २०१२ मा संसोधन गरी महासंघका हरेक संरचनामा ४० प्रतिशत महिलाको प्रतिनिधित्व गर्ने साथै उपाध्यक्ष र कोषाध्यक्षमा अनिवार्य महिला हुने व्यवस्था थप गरिएको छ । त्यसै गरी आर्थिक तथा प्रशासनिक निमावली संशोधन, पैरवी योजना, रणनीतिक योजना, सञ्जाल निर्माण आदि गरी जनवरी २०१३ देखि लागु गरिएको छ ।

### २. पुनर्स्थापनाः

मुक्त हलियाहरुको पुनर्स्थापना कार्यमा सहयोग गर्नु परियोजनाको एकमात्र लक्ष्य हो । सोही लक्ष्यलाई पूरा गर्न परियोजनाले सम्पन्न गरेका केही उल्लेख्य उपलब्धिहरु हासिल गरिएको छ । मुक्त हलिया पुनर्स्थापना तथा अनुगमन कार्यदलको म्याद थप गराउन सहजीकरण गरिएको थियो । यसको परिणामतः तीन पटक कार्यदलको म्याद थप गरिएको छ । कार्यदलको म्याद थप नगरेको भए पुनर्स्थापना कार्यक्रम प्रभावित हुने थियो । मुक्त हलियाहरुको प्रमाणीकरण गर्ने र परिचय-पत्र वितरण सम्बन्धी कार्यविधि संशोधन गरी महिलाको नाममा पनि परिचय-पत्र प्रदान गर्ने व्यवस्था गरेको छ । यस व्यवस्था अनुसार ३०० भन्दा बढी हलिया महिलाहरुले परिचय-पत्र प्राप्त गरिसकेका छन् । हलियाहरु प्रमाणीकरण हुन र परिचय-पत्र लिन जिल्ला सदरमुकाम जानु पर्ने अवस्थामा सुधार गरिएको छ । गाँउगाँउमा घुम्ती टोली परिचालन गरी प्रमाणीकरण गर्ने व्यवस्था गर्न सफलता प्राप्त भएका छ । यसरी पुनर्स्थापनाको कामलाई अगाडि बढाउँदा हाल सम्म ८ हजार हलियाको प्रमाणीकरण भएको छ र बाँकीलाई पनि असार मसान्तभित्र सक्ने गरी काम भइरहेको छ ।

### ३. कार्ययोजना परिमार्जन

पुनर्स्थापनाका लागि नेपाल सरकार भूमिसुधार तथा व्यवस्था मन्त्रालयको कार्यदलले महासंघको परामर्शमा पुनर्स्थापनाको तीन वर्षे कार्ययोजना २०६९ मा तयार पारी स्वीकृतिको लागि अर्थ मन्त्रालय पठाएकोमा अर्थ मन्त्रालयले बजेट सिलिङ्ग नाघेको भनी विचाराधीन अवस्थामा राखेको थियो । त्यसलाई अगाडि बढाउन अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ), लुथरन विश्व सेवा र केयरको सहकार्य तथा महासंघको पहलमा एक कार्यशालाको आयोजना ११-१२ अप्रिल २०१२ मा नेपाल सरकारले धनगढीमा सम्पन्न गरी कार्ययोजना परिमार्जन गरिएको छ । परिमार्जित कार्ययोजनालाई भूमिसुधार मन्त्रालयले पास गरी पुनःअर्थ मन्त्रालयमा पठाई सकेको छ ।

### ४. कानूनको मस्यौदा तयार

मुक्त हलियाहरुले माग गर्दै आएका छुट्टै हलिया श्रम निषेध ऐन सम्बन्धमा महासंघले विभिन्न स्तरमा गोष्ठी गरी रायसुझाव संकलन गरेको थियो । उक्त रायसुझावहरुलाई संकलन गरी मन्त्रालयमा बुझाइयो । बुझाइएका ती बूँदाहरु एकिकृत गरी बाँधा श्रम निषेध ऐनमा समावेश गरिएको छ । हालै अन्तर्राष्ट्रिय श्रम संगठन(आइएलओ)को सहयोगमा एकीकृत बाँधा श्रम निषेध ऐनको मस्यौदा मार्च २०१२ मा तयार समेत भैसेको छ ।

### ५. नीतिगत संवाद सहभागिताः

स्थानीय तथा राष्ट्रिय स्तरमा हुने नीति निर्माण तहदेखि अन्य विभिन्न तहका विभिन्न नीतिगत तहहरुमा मुक्त हलिया प्रतिनिधिहरुको उल्लेख्य सहभागिताले महासंघको क्षमता अभिवृद्धि भएको पुष्टि गर्दछ । सम्बन्धित जिल्ला विकास समितिले मुक्त हलियाको लागि बजेट विनियोजन गरेको छ । तीन वर्षे कार्यायोजना तयार गर्दा होस् वा ऐनको मस्यौदा तयार गर्दा महासंघको सहभागिता महत्वपूर्ण रहेको छ ।

### ६. सञ्जाल विस्तारः

परियोजनाको अर्को सफलता सञ्जाल विस्तार हो । राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग, उपेक्षित, उत्पीडित तथा दलित वर्ग उत्थान विकास समिति, नेपाल सरकार भूमिसुधार तथा व्यवस्था मन्त्रालय, नेपाल वार एसोसिएशन, नेपाल पत्रकार महासंघ, गैरसरकारी सस्था महासंघ, दलित गैरसरकारी संस्था महासंघ, राजनीतिक दलका भातृसंगठनहरु, समता फाउण्डेशन, नागरिक समाज, लेखकहरु, पूर्वदलित सभासद मञ्च, जागरण मिडिया सेन्टर, इन्सेक लगायतका संस्थाहरुसँग महासंघको बलियो सञ्जाल निर्माण भएको छ ।

### ७. आमसञ्चार माध्यम तथा सञ्चारकर्मीहरुसँग सहकार्य (मिडियासँग सहकार्य)

स्थानीय स्तरमा सञ्चारकर्मीहरुसँग सुमधुररुपमा सहकार्य हुन थालेको छ । राष्ट्रिय स्तरमा पनि सहकार्य भइरहेको छ । सञ्चारकर्मीहरुले स्वस्फूर्त रुपमा हलियाका सवालहरु उठाउने वा हामीले सम्प्रेषण गरेको समाचारलाई स्थान दिइरहेको अवस्था छ ।

# मुक्त हलियाको पुनर्स्थापनमा नेपाल सरकारको अग्रणी भूमिका



- लक्ष्मणकुमार

## पृष्ठभूमि

लोकतन्त्रको आगमनसँगै पुस्तौं देखि दासत्वको साङ्लोमा बाँधिएका हलियालाई मुक्ति दिलाई सम्मानजनक पुनर्स्थापन गरी उनीहरुको मानवअधिकारको संरक्षण गरिनुपर्दछ भन्ने मान्यता स्थापित हुन पुग्यो । फलस्वरुप हलियाहरुले गरेको आन्दोलन र उनीहरुको मागलाई सम्बोधन गर्दै मिति २०६५ भाद्र २० गते नेपाल सरकारले सम्झौता गऱ्यो र भोलिपल्ट बसेको मन्त्रीपरिषद्को बैठकले सम्झौताको अनुमोदन गर्दै हलियाहरुलाई मुक्त घोषणा गऱ्यो ।

## नेपाल सरकारको प्रयासः

तत्कालीन नेपाल सरकार (मं.प.) को मिति २०६५ भाद्र २१ को कार्यकारी निर्णयले पुस्तौंपुस्तादेखि हलिया परिवारको नाममा रहेको ऋण खारेजी सहित औपचारिक रुपमा हलियालाई जमिन्दारको दासत्वबाट मुक्ति दिलायो । यद्यपि पूर्वतयारी विना मुक्तिको घोषणा गरिनाले कतिपय हलिया परिवार घरको न घाटको हुन पुगेका छन् । वास्तविक हलिया नछुटुन्, गैरहलिया नपरुन भन्ने उद्देश्यले प्राप्त लगतको छानविन गरी वर्गीकरण सहितको परिचय-पत्र प्रदान गर्दै आएको छ । वास्तविक हलियाको आर्थिक स्थिति अनुसार ४ वर्गमा विभाजन गरी संकलित लगतको प्रमाणीकरण एवम् बर्गीकरण गरी परिचय-पत्र प्रदान गर्ने कार्य चालू छ ।

शान्ति तथा पुन:निर्माण मन्त्रालयबाट प्राप्त लगत हालसम्म प्रमाणीकरण र परिचय-पत्र वितरण तालिका निम्न बमोजिम रहेको छ :

| जिल्ला | मुक्त हलिया | प्रमाणीकरण भएको | प्रमाणीकरण बाँकी | परिचयपत्र पाएको |
|---|---|---|---|---|
| दार्चुला | ४४५ | ४१३ | ४२ | ४१३ |
| बैतडी | ४४३६ | ११८७ | ३२४९ | ७८३ |
| डडेल्धुरा | २५७६ | ११६९ | १४०७ | ५२९ |
| कञ्चनपुर | ३७३२ | ८७१ | २८६१ | ८७१ |
| बझाङ्ग | १३९१ | ७७० | ६२१ | ५०७ |
| बाजुरा | १६३४ | १४३९ | २०५ | ४७३ |
| डोटी | १८२६ | ४२२ | १४०४ | ४२२ |
| अछाम | २४२ | १६५ | ७७ | ६७ |
| कैलाली | २२० | १५४ | ६६ | १३३ |
| हुम्ला | १४२३ | ९६७ | ४५६ | २१७ |
| जाजरकोट | ४५५ | १६५ | २९० | १२६ |
| सुर्खेत | ६६९ | १४२ | ५२७ | ९ |
| **जम्मा** | **१९०५९** | **७८५४** | **११२०५** | **४५५०** |

स्रोतः नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालय

शान्ति तथा पुन:निर्माण मन्त्रालयबाट मुक्त हलियासँग पाँचबुँदे सम्झौता गर्नुका साथै उनीहरुको लगत लिने काम भयो तर पुनर्स्थापनको कार्यकालागि मिति २०६७ माघ १२ गते भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा जिम्मेवारी आएपछि मुक्त हलियाको मागलाई तत्काल सम्बोधन गर्न आवश्यक ठानी २०६८ वैशाख १९ को मन्त्रीस्तरीय निर्णयबाट केन्द्रमा पूर्वमाननीय हरिराम श्रीपाईलीको संयोजकत्वमा ९ सदस्यीय र मुक्त हलिया रहेका मध्यपश्चिमको हुम्ला, जाजरकोट र सुर्खेत एवम् सुदूरपश्चिमका दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, बझाङ्ग, बाजुरा, डोटी, अछाम र कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ७ सदस्यीय मुक्त हलिया पुनर्स्थापन जिल्ला कार्यदल गठन गरी लगत प्रमाणीकरण, बर्गीकरण, परिचय-पत्र वितरण र स्वरोजगार उन्मुख तालिम सञ्चालन हुँदै आएको छ ।

मुक्त हलियाको लगत अनुसार प्रमाणीकरण गरी उनीहरुको आर्थिक स्थिति अनुसार वर्गीकरण सहित परिचय-पत्र प्रदान गर्ने कार्य सम्पन्न हुनासाथ पुनर्स्थापनको काम अगाडि बढाउन तीन वर्षिय कार्ययोजना तयार भैसकेको छ र कार्ययोजना अनुसार पुनर्स्थापनको कार्य सम्पन्न गर्न १ अर्ब ५६ करोड ५० लाख बजेटको सैद्धान्तिक स्वीकृतिका लागि अर्थ मन्त्रालयमा अनुरोध गरिएको छ ।

मुक्त हलियाको माग अनुसार छुट्टै कानुनको तर्जूमा गरिएपनि विविध कारणले कानुन तथा न्याय मन्त्रालयबाट स्वीकृति नपाएको कारण हलिया श्रम(निषेध गर्ने) सम्बन्धी विधेयक संसदमा प्रस्तुत गर्न सकिएन । तापनि अन्तर्राष्ट्रिय श्रम संगठनको आर्थिक सहयोगमा हाल मन्त्रालयले बाँधा श्रम(निषेध गर्ने, रोकथाम तथा पुनर्स्थापन) सम्बन्धी विधेयक तर्जुमा गरी मुलुकमा विद्यमान मुक्त कमैया, मुक्त हलिया, हरुवा-चरुवा लगायत बाँधा श्रम बा बाध्यकारी श्रमलाई समेत सम्बोधन हुने गरी मस्यौदा गर्ने कार्य अन्तिम चरणमा पुऱ्याएको छ ।

(हमाल मुक्त हलिया पुनर्स्थापन तथा अनुगमन केन्द्रीय कार्यदलका सदस्य-सचिव तथा भूमिसुधार तथा व्यवस्था मन्त्रालयका उप-सचिव हुनुहुन्छ ।)



एक मुक्त हलिया जोत्दै

# हलिया मुक्तिका लागि सरकार कति साधक? कति बाधक?

-डा. कृष्ण भट्टचन

नेपालको कानून अनुसार "कमैया श्रमिक" भन्नाले भैंसवार, गैवार, वर्दिवार, छेकरवार, हरुवा, चरुवा, हली, गोठालो, कमलरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्तिलाई जनाउँदछ । हलिया प्रथा (निषेध गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अनुसार 'हलिया' भन्नाले सम्वत् २०६५ साल भाद्र २० गते भन्दा अगाडि आफू वा आफ्नो परिवार वा पुर्खाले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्न, वा अरू कसैको जमानी बसेकोमा त्यस्तो ऋण चुक्ता गर्न वा जग्गा उपभोग गरे बापत खेती लगाउनेदेखि भित्र्याउनेसम्मका सबै वा केही कार्य गर्ने शर्त राखी न्यून वा कम ज्यालामा अरु कसैको हली, गोठालो, बाउसे, खेताला, खलिया, लगि, कमारा कमारी वा अन्य यस्तै नामबाट जग्गा जोत्ने, खन्ने, बालीनाली लगाउने, गोडमेल गर्ने वा भित्र्याउने समेतका कार्य वा सेवा गर्ने व्यक्तिलाई सम्झनु पर्छ । ऋण, जग्गा र परम्पराका कारणबाट सुदूरपश्चिम र मध्यपश्चिमका १२ वटा जिल्ला (बैतडी, कन्चनपुर, डडेलधुरा, डोटी, बाजुरा, हुम्ला, बझाङ, सुर्खेत, दार्चुला, जाजरकोट, अछाम र कैलाली)मा हलिया प्रथा बाध्यात्मक श्रमको परम्पराकारुपमा रहँदै आएको देखिन्छ । विद्यमान हलियाहरुमध्ये करिब ९८ प्रतिशत दलितहरु छन् भने बाँकी २ प्रतिशत बाहुन क्षेत्री, मगर, थारु लगायतका गैर-दलितहरु छन् । सर्वोच्च अदालतले २०६४ सालमा नेपाल सरकारलाई हलियाहरुको न्यायिक पुनर्स्थापनाको लागि कानुन बनाएर काम गर्न निर्देशनात्मक आदेश जारी गरेको थियो । हलिया मुक्तिका लागि राष्ट्रिय हलिया मुक्ति समाज महासंघले निम्न ११ बुँदे माग राखी २०६५ सालमा सशक्त आन्दोलन गरेको थियो :

(१) पुस्तौं पुस्तादेखि हलिया परिबारको नाममा रहेको ऋण खारेजीसहित दासत्वमा रहेका हलियाको मुक्तिका लागि आमरुपमा राष्ट्रियस्तरबाट औपचारिक घोषण गरियोस् ।

(२) हलियाहरुले बस्दै आएको घरवास, भोगचलन गरिएको जग्गा मालिकबाट हलियाको नाममा दर्ता गराई घरबास निर्माणको लागि आवश्यक सामग्रीसहित कमाई खाने जग्गा क्रान्तिकारी भूमिसुधार लागू नहुन्जेलसम्मको लागि तराइमा कम्तिमा १० कठ्ठा र पहाडमा १० रोपनी जग्गा सम्पूर्ण हलिया परिवारलाई उपलब्ध गराइयोस् ।

(३) अधिकार सम्पन्न उच्चस्तरीय "हलिया मुक्ति तथा पुनर्स्थापना आयोग" गठन गरियोस् ।

(४) हलिया श्रम निषेध गर्ने सम्बन्धी ऐन जारी गरियोस् ।

(५) मुक्त हलिया परिवारलाई तत्काल जीवीकोपार्जनका लागि प्रति परिवार कम्तीमा रुपैयाँ एकलाखकादरले राहत तथा क्षतिपूर्ति उपलब्ध गराइयोस् ।

(६) राष्ट्रिय हलिया मुक्ति समाज महासंघ र हलिया आन्दोलनमा क्रियाशील संघसंस्थाको संलग्नतामा सामाजिक, आर्थिक अवस्थाको बारेमा यथार्थ तथ्याङ्क लिई तत्काल सार्वजनिक गरी हलियाको बर्गीकरण र परिचय-पत्रको ब्यवस्था गरी सेवा सुविधा उपलब्ध गराइयोस् ।

(७) हलियाको बैकल्पिक रोजगारका लागि "एक घर एक रोजगार"को व्यवस्था गर्न स्वदेशभित्र तथा वैदेशिक, सरकारी, गैर-सरकारी तथा नीजि क्षेत्रबाट ग्यारेण्टी गरियोस्

(८) हलियाहरुको मुक्ति पश्चात पुनर्स्थापनाको क्रममा हुने जातीय छुवाछूत तथा सम्भावित असुरक्षालाई ध्यानमा राख्दै समाजिक सुरक्षाको ग्यारेण्टी गरियोस् ।

(९) हलियाको हरेक तह र क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गराइयोस् ।

(१०) यो सम्झौता नेपाल सरकारको आगामी नीति तथा कार्यक्रममा अनिवार्य समावेश गरी कार्यान्वयन गरियोस्

(११) हलियालाई शिक्षा स्वास्थ्यको व्यवस्था गरी हलिया महिला माथि हुने घरेलु हिंसा, शारीरिक-मानसिक शोषणको अन्त्य गरी सामाजिक सुरक्षाको व्यवस्था गर्नुका साथै सबै माग प्याकेजमा समाधान गरियोस् ।

आन्दोलन चर्कंदै गएपछि २०६५ भदौ २० गते नेपाल सरकार र राष्ट्रिय हलिया मुक्ति समाज महासंघ बीच पाँचबुँदे सहमति भएको थियो: (१) पुस्तौंदेखि हलियाको नाममा रहेको ऋण खारेजी सहित औपचारिकरुपमा हलिया मुक्तिको घोषणा गर्ने, (२) हलियाका एघार बुँदे मागहरुको सम्वन्धमा ठोस कार्य गर्न नौ सदस्यीय कार्य दल गठन गर्ने, (३) हलियाका एघार बुँदे मागहरुप्रति नेपाल सरकार सकारात्म रहँदै कार्य दलले दिएको प्रतिवेदनलाई कार्यन्वयन गर्ने छ, (४) आन्दोलनको क्रममा जातिय छुवाछुत तथा सम्भावित असुरक्षालाई ध्यानमा राख्दै नेपाल सरकारले शान्ति सुरक्षाको व्यवस्था गर्नेछ, र (५) नेपाल राष्ट्रिय हलिया मुक्ति समाजले गर्दै आएका सम्पूर्ण आन्दोलनका कार्यक्रमहरु आजै देखि फिर्ता लिने छ । भोलिपल्ट अर्थात २०६५ भदौ २१ गतेका दिन नेपाल सरकारले हलियाको नाममा भएको ऋण खारेजी गरी हलिया मुक्तिको घोषणा गऱ्यो । सरकारले तात्कालीन सभासद हरिराम श्रीपाइलीको संयोजकत्वमा हलिया कार्यदल गठन गरी हलायको पहिचान र पुनर्स्थापनाको कार्य शुरु गऱ्यो ।

निम्न समस्याका गाँठाहरु जति सक्दो चाँडो फुकाउन नसके हलियाको विचल्ली झन डरलाग्दो अवस्थामा पुग्नेछ:

**पहिचान र परिचय:**

वास्तविक हलियाको पहिचान र परिचय नभइकन पुनर्स्थापनाको काम हुन सक्दैन । हाल नेपाल सरकारले १९,०५९ हलियाको सूची बनाएर प्रमाणीकरण गरी परिचय-पत्र दिने प्रकृयामा छ । उक्त सूची तयार पार्दा कतिपय हलियाहरु छुटेको, कतिपयको नाम दोहोरिएको, कतिपय गैरहलियाहरुको पनि नाम सूचीमा आएको, कतिपयको नाम फरक परेको लगायतका समस्याहरु देखिएका छन् । यी सबै कमीकमजोरीलाई तत्काल सुधार गर्नुपर्ने देखिन्छ । प्रमाणीकरण भएकाहरुले परिचय-पत्र लिन जिल्ला सदरमुकाम आउन दुई चार हजार रुपैयाँ ऋण लिएर आउन पर्ने भएकोले झनै समस्या थपिएको देखिन्छ। पहिचान र परिचय-पत्र वितरणको म्याद सकिएर थप गर्दा समेत यो कार्य अझै अधूरो रहनु आफैंमा ठूलो समस्या भएकोले यो समस्याको अन्त्य जतिसक्दो चाँडो गर्नु अत्यावश्यक देखिन्छ ।

**वर्गीकरण:**

कार्यदलले मुक्त हलियालाई परिचय-पत्र वितरण गर्नु अघि मुक्त हलियाको आर्थिक स्थिति हेरी देहाय बमोजिम ४ (चार) श्रेणीमा विभाजन गर्ने भनी विवादास्पद मापदण्ड बनाएको छ (१) आफ्नो स्वामित्वमा घर जग्गा दुवै नभएको, (२) आफ्नो घर भएको तर आफ्नो जग्गा नभएको, (३) आफ्नो जग्गा भएको तर घर

नभएको, र (४) आफ्नो स्वामित्वमा घरजग्गा दुवै भएको। अहिलसम्म भए गरेका कामहरुले के प्रष्ट पारेको छ भने परिवारका सबै सदस्य बस्न र सुत्न नअटाउने प्लाष्टिक वा पातले बारेका छाप्रो र ऐलानी जग्गामा बनेका छाप्रो वा घरलाई समेत घर मानिएको र खेतीपाती नहुने टुका जग्गालाई पनि जग्गा-जमिन मानिएकोले उक्त वर्गीकरणले अधिकांश मुक्त हलियाहरुलाई अन्यायमा पारेको देखिन्छ। उक्त मापदण्ड व्यवहारिक र यर्थाथपरक बनाउन तत्काल संशोधन गर्न आवश्यक छ।

**पुनर्स्थापनाः**

प्रस्तावित बाँधा श्रम निषेध गर्न बनेको विधेयक र प्रस्तावित तीन वर्षीय कार्य योजना मुक्त हलियाको पक्षमा पारित भई प्रभावकारी कार्यान्वयन गर्न नेपाल सरकारले तदारुकता देखाउन अत्यावश्यक छ। यसको अभावमा मुक्त हलियाको पुनर्स्थापनाको कार्य शुरु हुन सम्भव देखिदैन। यो पारित गर्नमा नेपाल सरकार भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय, कानून तथा न्याय मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग र दातृसंस्थाहरुले आवश्यक पहल र समन्वय गर्नु पर्ने देखिन्छ।

**अन्त्यमा,**

हलिया मुक्तिको घोषणा भएको पाँच वर्ष पुग्दासम्ममा हलियाको पुनर्स्थापनाको कार्य शुरु नै नहुनु दुखद पक्ष हो। नागरिक समाज, मानवअधिकारवादी आन्दोलन, मिडिया, दलित आन्दोलन र बौद्धिक क्षेत्रलगायतले राष्ट्रिय हलिया मुक्त समाज महासंघले उठाएको आन्दोलनलाई सक्दो सहयोग गरी नेपाल सरकार र दातृसंस्थालाई मुक्त हलियाको पुनर्स्थापनाका कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सशक्त दवाव दिन आवश्यक छ।

## घटना अध्ययन/सफलताका कथा...

### बहुविवाह गर्ने करन टमटा दण्डित

डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नम्बर ७ बस्ने



धनबहादुर कैनीकी वर्ष २१ की निर्मला कैनीको अमरगढी नगरपालिका वडा नम्बर १ मालम बस्ने धनी टमटाको जेठो छोरा करी भनिने करन टमटासँग मिति २०६७ साल मंसिर २८ गते मागी विवाह भएको थियो। विवाह भएको एक महिना नबित्दै निर्मला टमटाका पति करन टमटा छिमेकी मुलुक भारततर्फ काम गर्न गएका थिए। करन टमटाका बुवा धनी टमटा हलिया परिवारका हुन्। नेपाल सरकारले हलिया मुक्तिको घोषणा गरेकाले गाउँका मालिक तथा जमिनदार कहाँ काम पाउन सकेनन्। त्यसैले निर्मलाका पति कामको खोजीमा भारत जानु पर्ने परिस्थिति आएको हो। त्यसैले उनी आफ्ना सासु र ससुरासँग बस्नु पर्ने बाध्यता भयो। विवाह भएको शुरुको एक दुई महिनामात्र निर्मला कैनीलाई उनका सासुससुराले राम्रो बयबहार गरे। बिवाह भएको समय जतिजति धेरै हुनथाल्यो त्यतित्यति बिस्तारै हेला गर्ने, गालिगलौच गर्ने आदि हुन थाल्यो। निर्मलाको विदेश गएको पति करन टमटालाई पनि निजका आमा बुवाले निर्मलाको विषयमा गलत किसिमको कुरा लगाउने र दुवै लोग्ने स्वास्नी बीचको सम्बन्ध बिगार्ने दुरासयपूर्ण काम र व्यवहार गर्न थाले। यसैकारण निर्मलाका पति करन टमटाले पनि सम्वन्ध बिगार्दै गए। परिणामतः आफ्ना आमा बुवाको उक्साहटमा लाग्दै गए। निर्मला कैनीलाई घरमा सासु माता टमटा र ससुरा धनी टमटा समेतका परिवारका सदस्यहरुले गालीगलौज गर्ने र कुटपिट गर्न थाले। यतिहुँदा पनि बुवाले दिएको घरमा दुःखकष्ट सहेरपनि निर्मला बसेकी थिइन्।

घरमा आए पछि पनि करनले आफ्नी पत्नी निर्मलाको खोजीखबरी र हेरचाह आदि केही पनि नगरेर उल्टै बेलापुर गा.बि.स.की मनिषासँग दोस्रो विवाह गरे। निर्मला भन्छिन्: दोश्रो विवाह गरेपछि करनले मलाई फोन गरेर मैले अर्को विवाह गरिसकेको छु तिमी के गर्न चाहन्छयौ गर ! भनी उल्टै मलाई धम्काउने काम गरेको थियो।

निर्मला कैनीलाई यस किसिमको पारिवारिक संकट आए पछि उनी राष्ट्रिय मुक्त हलिया समाज महासंघको सम्पर्कमा आइन। अन्यायमा परेकी निर्मलालाई राष्ट्रिय मुक्त हलिया समाज महासंघको मुक्ति परियोजनाको सहयोगमा बहुविवाह गर्ने करन टमटा र निजकी कान्छी पत्नी मनिषाको विरुद्धमा जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा बहुविवाहको विरुद्ध जाहेरी दरखास्त प्रस्तुत गरियो। जिल्ला प्रहरी कार्यालयले कानुन बमोजिमको अनुसन्धान गरेर जिल्ला अदालतमा बहुविवाहको अभियोग-पत्र दायर भै सो उपर कारवाहीको प्रक्रिया पूरागरी जिल्ला अदालत डडेल्धुराका माननीय जिल्ला न्यायाधिश जगतनारायण प्रधानको एकल इजलासद्वारा निर्मलाका पति करन टमटालाई एक वर्ष कैद र पाँचहजार रुपैयाँ जरिवाना हुनेगरी मिति २०६९ साल असाढ २६ गते फैसला भएको छ।

-शंकरदीप मडै

### अदालतको जातीय विभेद विरुद्धको पहिलो फैसला

डोटी जिल्ला तोलेनी ६ सैनगाउँ बस्ने हलिया चनरे भुलको छोरा वर्ष २६ को योगेन्द्रकुमार भुल पदमराज उपाध्यायद्वारा संचालित लिटिल स्टार विद्या निकेतन बोर्डिङ्ग स्कुलमा शिक्षक भई अध्यापन गरी गराई रहेका थिए। २०६९ साल आश्विन २९ गतेको दिन सोही ठाउँ बस्ने तथाकथित उपल्ला जातिका भनिने वर्ष ७५ का भिमबहादुर बोगटी र नीजका छोरा वर्ष ४० को गोरे उपनामले चिनिने गोरखबहादुर बोगटी समेतका दुईजनाले तँ डुम हलिया हामी बोगटी रजबारका छोराछोरीलाई पढाउन पाईदैन। आजैदेखि विद्यालयबाट यसलाई निकाल भनी विद्यालय परिसर मै गालिगलौच गरी हातपातसमेत गरेकाले न्याय पाउनकालागि जिल्ला प्रहरी कार्यालय

डोटीमा मिति २०६९ कार्तिक ३ गते रीतपूर्वक जाहेरी दरखास्त गरे । उक्त जाहेरी मुक्ति परियोजनाको सहयोगमा पीडित योगेन्द्रकुमार भुलले दर्ता गराएका थिए । जिल्ला प्रहरी कार्यालयले सो मुद्धाको अनुसन्धान गरी आवस्यक प्रमाण साक्षी सहित बुझी कानुन बमोजिमको सजाय मागदावी सहितको अभियोग-पत्र जिल्ला अदालतमा दायर गरेको थियो ।

जातीय छुवाछूत तथा उचनीचता जनिने विभेदकारी अश्लिल शब्दहरु प्रयोग गरी तथानामको गालीगलौच गरेर पीडित हलिया शिक्षक योगेन्द्रकुमार भुलमाथि नीजले अध्यापन गराई रहेको अवस्थामा अन्यायपूर्ण दूर्व्यवहार गरेर मानव सभ्यताकै खिल्ली उडाएका थिए ।

जिल्ला अदालतमा भएको थुनछेक आदेशले प्रतिवादी भिम बोगटी अस्वस्थ र वृद्ध अवस्था भएको कारणले पचहत्तर हजार रुपैयाँ धरौटी राखी तारेखमा रही मुद्धाको पुर्पक्ष भएको थियो । मिति २०६९ साल फल्गुण २१ गतेका दिन उक्त जातीय भेदभाव सम्बन्धी मुद्धामा जिल्ला अदालत डोटीका माननीय जिल्ला न्यायाधिश श्री प्रकास खरेलको एकल इजलासबाट फैसला भएको छ जसमा प्रतिवादीद्वयलाई पाँचहजार रुपैयाँ जरीवाना र पच्चीस हजार रुपैयाँ पीडित योगेन्द्रकुमार भुललाई जातीय छुवाछूत तथा कसुर सजाय ऐन-२०६८ को दफा ९ अनुसार क्षतिपूर्ति दिलाउने गरी फैसला भएको छ । जातीय विभेदको मुद्धामा जातीय छुवाछूत (कसुर सजाय) ऐन-२०६८ आएपछि नेपालकै जातीय छुवाछूत सम्बन्धी मुद्धामा सजाय तथा क्षतिपूर्ति हुनेगरी भएको यो पहिलो फैसला हो । स्मरणीय छ, पीडित हलिया योगेन्द्रकुमार भुलले लिटिल स्टार विद्या निकेतन बोर्डिङ्ग स्कुलमा मिति २०६९ श्रावण ३ गतेदेखि हालसम्म अध्यापन गराइरहेका छन् । - शंकरदीप मडै

## संघर्षशील महिला भावना सार्की

२०१६ सालमा ऋदिराम जोशीको परिवारसँगै बसाईसराई गरी कञ्चनपुर जिल्लाको दैजी गा.वि.स. वडा नम्वर २ अछाम जिल्लाबाट मोतिराम सार्की हलियाको रुपमा आएका थिए । हलिया मोतिराम सार्की एक्लै होइन सबै परिवारहरुका साथमा जोशी परिवारको दैजीमा रहेको ४ विगा जग्गामा हलिया र कृषिजन्य कार्य विगत ५२ वर्षदेखि गर्दै आएका थिए । अन्दाजी ७२ वर्षका मोतीराम सार्कीले वृद्धावस्थाका कारण २०६९ साल कार्तिक महिनादेखि काम गर्न नसक्ने कुरा स्व.ऋदिराम जोशीका छोराहरु तथा परिवारजनलाई जानकारी गराए । यो कुरा सुनी विगत ५२ वर्षदेखि हलिया र उनका परिवारको श्रम उपभोग गर्दै आएका मालिक परिवार रिसाई मोतिरामको परिवार बस्दै आएको बासस्थान छोड्न उर्दी जारी गरे ।

स्वर्गिय ऋदिरामका दुई छोराहरु महादेब जोशी र नन्दलाल जोशी तथा बुहारी चन्द्रा जोशीले अन्याय पूर्ण किसिमले भोग चलन गर्दै आएको घर जग्गाबाट हलियाको परिवारलाई हटाउने निर्णय विरुद्ध हलिया मोतिराम सार्कीकी बुहारी भावना सार्कीले न्यायकालागि सहयोग खोज्न थालिन् । भावनाका तीन छोरीहरु, सासु, ससुरा, एकदेवर र पति ललित सार्कीसमेतगरी जम्मा आठ जनाको परिवार छ । सामान्य लेखपढ मात्रै गर्न सक्ने भावनालाई कानुनी सहायताको जरुरत परेकाले उनी राष्ट्रिय मुक्त हलिया समाज महासंघको मुक्ति परियोजनाको सम्पर्कमा पुगिन् ।



महासंघको सहयोगमा जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा मुक्त कमैया (श्रम निषेध) ऐन बमोजिम अभियुक्त जोशी दाजुभाइहरुलाई कारवाही गरी क्षतिपूर्ति समेत दिलाई पाऊँ भनी भावना सार्कीले २०६९ मसिर २१ गते मुद्दा दायर गरिन् । त्यस जिल्ला प्रशासन कार्यालयले प्रतिवादीहरु तिनैजनाको नाममा समह्वान म्याद जारी गऱ्यो । सर्वप्रथम मालिक पक्ष जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा उपस्थित भई हामीले वादी भावनाका ससुरा मोतीराम सार्की र निजको परिवारका सदस्यहरुलाई हलिया काम नलगाएको जिकिर गरेका थिए । त्यसपछि जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले उक्त मुद्धाको विषयमा स्थलगत रुपमा गा.बि.स. र स्थानीय प्रहरी कार्यालय मार्फत बुझ्दा विगत २०१७ सालदेखि हालसम्म भावनाका ससुरा मोतिराम सार्की र निजका परिवारका सदस्यहरुलाई हलिया काम र कृषिजन्य काममा लगाएको पुष्टि भएको थियो । भावनाको उजुरी अनुसार हलिया काम लगाएको प्रमाणित भएपछि जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा गई दुई पक्ष बीच गाउँका भद्रभलाद्मीहरु सहित बसी मध्यस्थता गरियो र हलिया र मालिक बीच मिला-पत्र गर्नको लागि समय माग गरे अनुरुप जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले सो छलफलको लागि समय प्रदान गरेको थियो । हलिया र मालिकहरु बीच घरसारमा मिला-पत्र गर्नको लागि मध्यस्थता गर्ने कामको नेतृत्व महासंघले गऱ्यो ।

गाउँका भद्रभलाद्मीहरु वादी भावना र नीजका परिवारका सदस्यहरु र प्रतिवादीहरु गाउँमै बसी छलफल गरी घरसारको कागज गरियो । जस अनुसार मालिकहरुले पीडित हलिया भावनाको नाउँमा एककट्ठा जग्गा तत्कालै जिल्ला मालपोत कार्यालय कञ्चनपुरमा गई नामसारी गरिदिने र हाल हलिया भावनाको परिवार बसोबास गर्दै आएको र भोगचलन गरिरहेको पाँचकट्ठा जग्गा पनि भावनाको स्वामित्वमा कायम गराउने प्रक्रिया शुरु गराउने गरी दुबैपक्ष आपसमा मिला-पत्र गरी सो घरसारमा मिला-पत्र गरेको कागज जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा गई दुबै पक्षले पेश गरेका थिए । तीनै जना मालिकहरुले मिला-पत्र अनुसार भावनाको नाममा कञ्चनपुर जिल्ला दैजी २ मा रहेको एककट्ठा जग्गा जिल्ला मालपोत कार्यालय कञ्चनपुरमा गएर आफैं राजस्व खर्च व्यहोरी दर्ता गरिदिएका छन् ।

यसरी भावना सार्की जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा हलिया मुक्ति गरी कानुन बमोजिम क्षतिपूर्ति सम्वन्धी मुद्धाको मिला-पत्रद्वारा हलिया कामबाट मुक्त भएकी हुन् । उनी अन्यायपूर्ण अवस्थाको जीवनबाट मुक्त मात्र भइनन् । उनीले दुई पुस्तासम्म हलिया काम गर्न बाध्य पारिएका आफ्नो ससुरा र सम्पूर्ण परिवारलाई शोषणबाट मुक्त गरिन् । भावनाले जटिल परिस्थितिमा संघर्ष गरेर आफ्नो परिवारलाई स्थापित मात्र गरिनन् अन्यायमा परेका हलियाहरुलाई संघर्ष गरेर आफ्नो अधिकार प्राप्त गर्न सकिन्छ भन्ने उदाहरण समेत बनेकी छिन् ।



THE WAIT FOR
deliverance

BHADRA SHARMA

Despite being promised rehabilitation by the government five years ago, haliyas or bonded labourers are found existing in a purgatory of sorts today, unsure of their futures

The delay in rehabilitation and lack of better alternatives means that these labourers are often caught in the middle—unable to go back to their previous lives and unable to move forward

२३ मंसिर २०६९
द काठमाडौं पोष्ट



अन्नपूर्ण पोष्ट शुक्रबार २४ जेठ २०७०

राष्ट्रिय

मुक्त हलियाले पुनः मालिकको हलो जोते

टेकेन्द्र देउवा











डडेलधुरा जिल्लाको गुजललेकका हलियाहरुसँग युरोपेली संघका कार्यक्रम व्यवस्थापक शिव भण्डारी






**प्रेषक**

राष्ट्रिय मुक्त हलिया समाज महासंघ
मुक्ति परियोजना,
परियोजना कार्यालय, काठमाडौं
सम्पर्क: ०१ ५५४९३४३
इमेल: freedhaliya@gmail.com

**प्रापक**

श्री ..................................................

..................................................

..................................................

..................................................